# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २४] काठमाडौं, साउन ७ गते २०३१ साल [संख्या १५

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ताप्लेजुङ स्टल विमानस्थल निर्माण कार्यको लागि मेची अञ्चल ताप्लेजुङ जिल्ला, फुङलिङ् गाउँ पञ्चायत वार्ड नं. ६ को देवलटार भन्ने (सुकेटार) को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय भएकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व पूर्णानन्द र हर्क जंगको पाखी भारा देवीस्थानको जग्गा पश्चिम जितकुमार को जग्गा, उत्तर-दक्षिण टेकबहादुर र पूर्णानन्द पौडेलको जग्गा यति ४ किल्लाभित्रको कि. नं. १ बाट ४५–५–०–२ कि. नं. १६ बाट ११८–३–१–२ समेत जम्मा जग्गा रोपनी १६३–८–२ (एक सय त्रिसट्ठी रोपनी आठ आना दुई पैसा) को मालपोत रू. ४।२५ (चार रूपैयाँ पच्चीस पैसा) लागेको कित्ता – – – – – – –

आज्ञाले-

सहायक रथी खड्गबहादुर सिंह

श्री ५ को सरकारको का. म. सचिव

२८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको

## सूचना

खण्ड २२ संख्या ३४ मिति २०२९।८।२६ को नेपाल राजपत्र भाग ३ को पाँचौं पृष्ठमा प्रकाशित जग्गा प्राप्त गर्ने बारेको यस मन्त्रालयको सूचनाको तेस्रो प्याराग्राफको भक्तपुर जिल्ला बालकुमारी गा. पं. वार्ड नं. ६ मा पर्ने जग्गा श्री ५ को सरकारले नलिने निर्णय गरेको छ ।

आज्ञाले–

सहायक रथी खड्गबहादुर सिंह

श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।